कमलामाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

बागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति: २०८३/०६/१४)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यस नगर कार्यपालिका बैठकको मिति २०८३/०४/३० गतको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि सिलबन्दी गरी सूचनामा उल्लेखित शर्तहरु तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउने परिमाण (घन मि.) | दर प्रति घन मि. | जम्मा रकम रु. (मु.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी / विड बण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | KMU/SIN/RBM/ 01/IR/083/84 | कमलाखोलाको बगर (चन्दनपुर-क) (IEE ले तोकेको क्षेत्र) | ३६५७५.५० | | ९०३२६८५.४८ | ३०००।- | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| २. | KMU/SIN/RBM/ 03/IR/083/84 | जिर्घा र धमिले खोला (IEE ले तोकेको क्षेत्र) | ५२३५ | | १२९२८३५.६० | १०००।- | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ३. | KMU/SIN/RBM/ 05/IR/083/84 | ग्वाङ्खोला र गडौली खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | ७४४५ | २४६.९६ | १८३८६१७.२० | १०००।- | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ४. | KMU/SIN/RBM/ 06/IR/083/84 | धनमाना खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | ११२१२.५० | | २७६९०३९ | ३०००।- | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |
| ५. | KMU/SIN/RBM/ 07/IR/083/84 | मरिण खोलाको बगर क्षेत्र (IEE ले तोकेको क्षेत्र) | २९०४५ | | ७१७२९५३.२० | ३०००।- | कबोल अंकको ५% | सूचनाको ७ औं दिन कार्यालय समय भित्र | सूचनाको ८ औं दिन, दिनको १२ बजे भित्र |

तिवारी

# ठेक्का सम्बन्धी शर्तहरु

(१) बोलपत्र फारमका साथ माथि तोकेको मिति, समयमा निर्माण सम्बन्धी काम गर्ने फर्म / कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, नियमानुसार कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी माथि उल्लेखित समयमा राजश्व उपशाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्दा तोकेको बोलपत्र दस्तुर कमलामाई नगरपालिकाको आन्तरिक राजस्व खाता नं. १०६०१००३०१०१०००३ मा सुत्र सफ्टवेर मार्फत राजश्व संकेत नं. १४२४९ मा जम्मा गरी बोलपत्र फारमको साथ संलग्न गर्नु पर्नेछ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १०६०१००३०३००००००३ मा जम्मा गरी सो को भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद साथ जारी गरिएको विडवण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ।

(३) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन, दिनको २:०० बजे कमलामाई नगरपालिकाको खरिद इकाई, राजस्व शाखाका प्रतिनिधि एवं ठेकेदारहरूको रोहबरमा कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिनेछ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन।

(४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

(५) म्याद नाघी, रीत नपुगी वा शर्तहरू पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

(६) बोलपत्र स्वीकृत भएमा सम्झौताका लागि सूचना पाएको घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ (पच्चीस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। बाँकी ७५ (पचहत्तर) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट २०८४ साल श्रावण मसान्त सम्मको म्याद सहित जारी गरिएको सर्त रहित कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै, बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सो नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर थप १३ (तेह) प्रतिशत रकम समेत व्यवसायीले भुक्तानी गर्नु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आवश्यक तथा अन्य कर बोलपत्रदाताले छुट्टै भुक्तानी गर्नु पर्नेछ।

(७) बोलपत्रदाताले दोस्रो किस्ता फाल्गुन मसान्त सम्ममा ४० (चालिश) प्रतिशत र बाँकी ३५ (पैंतीस प्रतिशत) जेष्ठ मसान्त सम्म भुक्तानी गर्नु पर्नेछ।

(८) उल्लेखित अनुसार ठेक्का स्वीकृत रकम एक मुष्ठ कार्यालयलाई बुझाएमा कबोल अंकको ५% मू.अ.कर बाहेकको रकम छुट दिइनेछ।

(९) तोकिएको म्यादभित्र पट्टा उठाउन नसकिएमा धरौटी रकम वा विडबण्ड जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा खोलाहरूको उत्खनन्, क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(१०) यस ठेक्काको अवधि २०८४ जेष्ठ मसान्तसम्म कायम हुनेछ।

(नोट: विस्तृत जानकारीका लागि यस कार्यालयको Website www.kamalamaimun.gov.np मा हेर्न सकिनेछ।)

.....................................

प्रमुख प्रशासकीय अधिकृत